# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।१०।०५ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

भानुभक्त नि.मा.वि.धनचुली हुँदै चिल्ढाले सडक निर्माणमा बढी भुक्तानी भन्ने व्यहोराको उजुरीउपर अनुसन्धान हुँदा भानुभक्त नि.मा.वि. धनचुली हुँदै चिल्ढाले सडक निर्माण आयोजनामा बागचौर नगर कार्यपालिकाको कार्यालय, सल्यानका तत्कालीन सब-इन्जिनियर थमन योगी तथा असिस्टेन्ट सब-इन्जिनियर तोरण बहादुर विष्टले नेपाल सरकारलाई गैरकानूनी हानि पुऱ्याउने बदनियतले बिना आधार अस्वाभाविक किसिमबाट बढी काम तथा लागत देखाउने, मनासिब कारण बिना शर्त तथा मापदण्डविपरीत निर्माण कार्य गर्ने गराउने र झुट्टा बिल भरपाई बनाई सोबाट रू.७७,७७५।२२ को बढी रकम भुक्तानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (क), (ग), (ङ) र सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको प्रमाणित हुन आएकोले निजहरू तत्कालीन सब-इन्जिनियर थमन योगी तथा असिस्टेन्ट सब-इन्जिनियर तोरण बहादुर विष्टलाई रू.७७,७७५।२२ (सतहत्तर हजार सातसय पचहत्तर रुपैयाँ बाइस पैसा) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी सोही दफा ८ को उपदफा (१) बमोजिम बिगो असुलउपर हुन र सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन समेतको मागदाबी लिएको ।

साथै भानुभक्त नि.मा.वि. धनचुली हुँदै चिल्ढाले सडक निर्माण आयोजनाका अध्यक्ष डिम्बर बहादुर कामी, कोषाध्यक्ष कर्ण बहादुर वि.क. तथा सचिव अनिता वि.क.ले तत्कालीन सब-इन्जिनियर थमन योगी र असिस्टेन्ट सब-इन्जिनियर तोरण बहादुर विष्टसमेतको मिलेमतोमा बदनियतपूर्वक सत्यतथ्यलाई लुकाई नभएको नगरेको कामलाई गरेको भनी झुट्टा नापी किताब एवम् कार्यसम्पन्न प्रतिवेदन बनाउन लगाई, झुट्टा डोरहाजिरी फाराम पेश गरी नेपाल सरकारलाई गैरकानूनी हानि पुऱ्याई आफूहरूलाई व्यक्तिगत रुपमा गैरकानूनी लाभ पुऱ्याउनका लागि साइटमा नगरे नगराएको कामको परिमाणको नापी गराई, झुट्टा बिल भरपाई तयार गरी/गराई पेश गरेको एवम् उक्त सडक निर्माण कार्यसम्पन्न भएपश्चात् राख्नुपर्ने उपभोक्ताहरूको बैठक नराखी बदनियतपूर्वक उपभोक्ताहरूको सम्झौता गर्दाको बैठकको उपस्थितिको नामावली भएको प्रतिलिपि बीचमा राखी उपभोक्ताहरूको बैठक राखेको र कार्य सम्पन्न भएको निर्णय गरेको समेत देखाउन उपभोक्ता समितिको कागजात गैरकानूनी तरिकाले हेरफेर गर्ने कार्यसमेत गरेको पुष्टि हुन आएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको प्रमाणित हुन आएकोले निजहरू अध्यक्ष डिम्बर बहादुर कामी, कोषाध्यक्ष कर्ण बहादुर वि.क. तथा सचिव अनिता वि.क.लाई रू.७७,७७५।२२ (सतहत्तर हजार सातसय पचहत्तर रुपैयाँ बाइस पैसा) बिगो कायम गरी

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी सोही दफा ८ को उपदफा (४) बमोजिम बिगो असुलउपर गरी जफत हुन मागदाबी लिएको ।

त्यसैगरी बागचौर नगरपालिकाको वडा नं. २ का वडाध्यक्ष घनश्याम शर्माले उक्त आयोजनाको नापजाँच तथा अनुगमन नै नगरी १०० मिटर मात्र नयाँ ट्र्याक निर्माण भएको अवस्थामा बदनियतपूर्वक नभएको कामको समेत भएको भनी गलत लिखत तयार गरी सिफारिस गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुर गरेको प्रमाणित हुन आएकोले निज वडाध्यक्ष घनश्याम शर्मालाई सोही ऐनको दफा ९ बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला